# सैनामैना नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बुद्धनगर, रुपन्देही
## ५ नं. प्रदेश, नेपाल

आन्तरिक आय उठाउने सम्बन्धी

## दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकासित मिति :- २०७५/०३/१५

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ को दफा ५९ मा भएको व्यवस्था बमोजिम स्थानीय राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको वित्तिय अधिकार क्षेत्र अर्न्तगत यस कार्यालयले आ.व.२०७५/०७६ मा देहायका हाटबजारको बहाल विटौरी शुल्क उठाउन ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले आ.व. २०७५/०७६ का लागि देहायका हाटबजारहरुमा तोकिएको दररेटमा हाटबजार बहाल विटौरी शुल्क (आन्तरिक आय उठाउन) ठेक्का बोलकवोल गर्न तपसिलका शर्तको अधिनमा रही रितपूर्वक सिलवन्दी दरभाउपत्र पेश गर्न इच्छुक व्यक्ति वा संस्थाका लागि सूचना आव्हान गरिन्छ ।

ठेक्काको विवरण :-

ठेक्काको नाम : हाटबजार बहाल विटौरी शुल्क (बैठकी)

| ठेक्का नं. | हाटबजारको नाम | न्यूनतम कवोल अंक (भ्याट बाहेक)रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|
| ०१/२०७४/७५ | मुर्गिया सोमबारे साप्ताहिक हाटबजार सैनामैना न.पा.-३ | १७,००,०००|- | १,०००/- |
| | मुर्गीय विहिबारे साप्ताहिक हाटबजार, सैनामैना न.पा.-३ | | |
| | कलौनी शुक्रबारे साप्ताहिक हाटबजार, सैनामैना न.पा.-६ | | |
| | सालझण्डी मंगलवारे साप्ताहिक हाटबजार, सैनामैना न.पा.-१० | | |
| | सालझण्डी विहिबारे साप्ताहिक हाटबजार, सैनामैना न.पा.-१० | | |

ठेक्काका शर्तहरु :-

१. ठेक्का अवधि २०७५सालको श्रावण १ गते देखि २०७६ साल असार मसान्त सम्म रहनेछ ।

२. ठेक्काको दरभाउपत्र खरिद वापत लाग्ने दस्तुर नगदै वा कृषि विकास बैंक,पर्रोहा शाखामा यस कार्यालयका हि.नं.०४१४२०११४९२१००१३ मा जम्मा गरेको बैंक भौचर,नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपीका साथै संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र, कर दर्ता प्रमाण पत्र(मु.अ.क.समेत) र आ.व.२०७३/७४ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी सहितको निवेदन पेश गरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ । साथै एउटा फर्म वा व्यक्तिले खरिद गरेको दरभाउपत्र अर्को फर्म वा व्यक्तिले पेश गर्न पाइने छैन ।

३. माथि उल्लेखित ठेक्काको कबोल अंकको थप मुल्य अभिवृद्धि कर (१३%) राजश्व ठेक्का लिने फर्मले सम्बन्धीत आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नुपर्ने छ ।

४. ठेक्काको दरभाउपत्र सूचना प्रकासित भएको मितिले १५ औं दिन भित्र खरिद गरी १६ औं दिनको १२ बजेसम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र सोही दिनको २ :०० बजे दरभाउ पत्र खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. न्यूनतम ठेक्का अंक भन्दा घटी कवोल गरेको, म्याद नाघेको रित नपुगेको कुनै शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

मणिराज पौडेल
शाखा अधिकृत

६. दरभाउपत्र दिंदा आफुले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुने धरौटी रकम यस कार्यालयको नाममा कृषि विकास बैंक पर्रोहा शाखामा रहेको धरौटी खाता हि.नं. ०४१४२०११४१२४४०१५ मा जम्मा गरी सोको सक्कल भौचर वा बैंकले जारी गरेका सो रकम बरावरको बैंक जमानत दरभाउपत्र साथ राखी यस कार्यालयमा बुझाउनु पर्नेछ ।

७. दरभाउपत्र दाताले खामको बाहिर पट्टी ठेक्का नम्बर र ठेक्काको विवरण र नाम स्पष्ट बुझिने गरि लेख्नुपर्ने छ ।

८. कवोल रकम अंक र अक्षरमा स्पष्ट गरि तोकिएको हुनु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

९. दरभाउपत्र दर्ता गराई सकेपछि संसोधन गर्न पाइनेछैन ।

१०. एउटा फर्मको नामबाट एउटा मात्र दरभाउपत्र खरिद गर्न सकिने छ ।

११. प्रकासित सूचना बमोजिम दर्ता भएका कुनै वा सवै दरभाउपत्र यस कार्यालयले कुनै कारण देखाई वा नदेखाइ स्वीकृत वा अस्वीकृत गर्न सकिनेछ ।

१२. दरभाउपत्रदाताले ठेक्का सम्झौता गर्दा प्रथम किस्ता कवोल अंकको ४० प्रतिशतले हुन आउने रकम बैंक दाखिला गरी सोको भौचर यस कार्यालयमा जम्मा गरी बाँकी ६० प्रतिशत रकम बरावरको ठेक्का सम्झौता अवधि सम्मको बैंक जमानत (कार्य सम्पादन जमानत) पेश गरी सके पछि मात्र सम्झौता गरिनेछ । दोश्रो किस्ता बाँकी रकमको ४० प्रतिशत २०७५ कार्तिक मसान्तमा र तेश्रो वा अन्तिम किस्ता वापतको २० प्रतिशत रकम २०७५ फाल्गुण मसान्तसम्ममा जम्मा गरिसक्नुपर्नेछ ।

१३. उल्लेखित हाटबजार बाट निस्कीएको फोहोरमैलाको व्यवस्थापन स्वीकृत दरभाउपत्रदाता स्वयमले गर्नुपर्ने छ ।

१४. ठेक्कामा कुनै विवाद आएमा सैनामैना नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

१५. ठेक्का कबोल गर्ने ठेकेदारले सैनामैना नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने विक्रि तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई गरी रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाईएमा नियामानुसार कारवाही हुनेछ ।

१६. माथि शर्त नं. १५ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्रि तथा निकासी आय खातामा मु.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरि खाता र रसिद अर्ध वार्षिक रुपमा यस न.पा. मा बुझाउनु पर्ने छ ।

१७. ठेक्का सम्वन्धी बहाल विटौरी शुल्कको दररेट तथा ठेक्का सम्वन्धी विस्तृत जानकारी कार्यालयबाट प्राप्त गर्न सकिनेछ र अन्य कुराहरु प्रचलित ऐन,नियम तथा दरभाउपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछन् ।

मणिराज पौडेल
शाखा अधिकृत

मणिराज पौडेल
शाखा अधिकृत